**आकाशवाणी समाचार- नेपाली**
**मितिः २३ अप्रेल २०२६**
**समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

- पश्चिम बंगाल अनि तमिलनाडुमा विधानसभा चुनाव हुदैछ । पश्चिम बंगालमा पहिलो चरणको लागि 16 जिल्लाको कुल 152 निर्वाचन क्षेत्रमा मतदान हुदैछ l तमिलनाडुमा विधानसभाको सबै 234 निर्वाचन क्षेत्रमा एकै चरणमा मतदान हुदैछ ।

- प्रधानमन्त्री नरेन्द्र मोदी विरुद्ध अपमानजनक टिप्पणी गरेर आचारसंहिता उल्लङ्घन गरेको आरोपमा निर्वाचन आयोगले कांग्रेस अध्यक्ष मल्लिकार्जुन खडगेलाई सूचना जारी गरेको छ।

- उत्तराखण्डको चमोली जिल्लामा स्थित बद्रीनाथ धामको कपाट आज देखि श्रद्धालुहरूको लागि खोलिएको छ।

- हालैका घण्टाहरूमा हर्मुज जलडमरूममा तनावपूर्ण गतिरोध बढेको छ। इरानको नौसेना नाकाबन्दी तीव्र भएको छ, र वरिपरिका क्षेत्रमा नयाँ घटनाहरू रिपोर्ट गरिएका छन्।

- आई.पी.एल. क्रिकेटमा राजस्थान रोयल्सले लखनऊ सुपर जायन्ट्सलाई 40 रनले पराजित गरेको छ।

**पश्चिम बंगाल- मतदान**

पश्चिम बंगालमा विधानसभा चुनावको पहिलो चरणको मतदान आज हुदैछ । मतदान बिहान सात बजे देखि शुरू भयो अनि साझ छ बजे सम्म चल्नेछ । यस चरणमा 16 जिल्लाको कुल 152 निर्वाचन क्षेत्रमा मतदान हुदैछ यी जिल्लाहरु दार्जिलिंग, कलिम्पोंग, जलपाईगुडी, अलीपुरदुआर, कूचबिहार, उत्तर र दक्षिण दिनाजपुर, मालदा, मुर्शिदाबाद, बीरभूम, पश्चिम बर्धमान, पुरूलिया, बांकुडा, झाडग्राम, पश्चिम मेदिनीपुर र पुर्वी मेदिनीपुर शामिल छन् । कुल एक हजार चार सय 78 उम्मीदवार चुनावी मैदानमा छन् । 152 निर्वाचन क्षेत्रमा 44 हजार भन्दा अधिक मतदान केन्द्र स्थापित गरिएको छ । यी मध्ये सात हजार तीन सय 84 मतदान केन्द्रहरुलाई अत्यधिक संवेदनशील मानिन्दैछ । यस चरणमा तीन करोड़ 60 लाख मतदाताहरुले आ-आफ्नो मताधिकारको प्रयोग गर्नेछन् ।

चुनाव आयोगले स्वतंत्र अनि निष्पक्ष मतदान सुनिश्चित गर्न दुइ लाख 40 हजार भन्दा अधिक कर्मियहरु सितै केन्द्रीय सशस्त्र पुलिस बलको दुइ हजार चार सय सात कंपनिया तैनात गरेको छ । मतदान केन्द्रको छेउ छाउमा त्वरित कार्रवाई दल तैनात गरिएको छ । चुनाव आयोगले शिकायत दर्ता गराउनको लागि एक समर्पित टोल फ्री नंबर 18003450008 अनि एक ईमेल आईडी wbfreeandfairpolls@gmail.com शुरू गरेको छ ।
चुनाव आयोगले ब्रेल लिपिमा आधारित ईभीएम, र्याम्प र प्राथमिकता लाइनहरूको व्यवस्था गरेर मतदाताहरूको सुविधामा वृद्धि गरेको छ। पर्यवेक्षकको तैनाथी पनि बढाइएको छ । सबै मतदान केन्द्रहरूमा न्यूनतम आवश्यक सुविधा र मतदाता सहायता प्रदान गरिनेछ। मतदान केन्द्रको प्रवेशद्वार बाहिर मतदाताका लागि मोबाइल फोन डिपोजिट सुविधा उपलब्ध गराइनेछ ।

**तमिलनाडु चुनाव**

तमिलनाडु विधानसभाको लागि मतदान आज हुदैछ । मतदान बिहान ७ बजे सुरु भएर साँझ ६ बजेसम्म जारी रहनेछ। साँझ ६ बजे अघि लाइनमा उभिएका कुनै पनि मतदाताले आफ्नो मतदान गर्न पाउनेछन्। आज सबै २३४ निर्वाचन क्षेत्रमा एकै चरणमा मतदान हुनेछ। ५ करोड ७३ लाखभन्दा बढी मतदाताले ४,०२३ उम्मेदवारको भाग्यको निर्णय गर्नेछन्।

मुख्य निर्वाचन अधिकृत अर्चना पटनायकले भन्नुभयो निर्वाचन आयोगले राज्यमा सहज, व्यवस्थित शान्तिपूर्ण मतदान सुनिश्चित गर्न व्यापक, बहुस्तरीय र विस्तृत व्यवस्था गरेको छ। मतदाताको

सहभागितालाईसहजबनाउन र उनीहरूको पहुँच सुनिश्चित गर्न राज्यभरि ७५,००० भन्दा बढी मतदान केन्द्रहरू स्थापना गरिएको छ।कानून र व्यवस्था कायम राख्न मतदान केन्द्रहरू, बलियो कोठाहरू र अन्य संवेदनशील स्थानहरूमा लगभग ८४,००० पुलिस कर्मचारीहरू तैनाथ गरेर सुरक्षा व्यवस्था उल्लेखनीय रूपमा बलियो बनाइएको छ। थप रूपमा, मतदान प्रक्रियाको क्रममा शान्ति कायम राख्न र कुनै पनि अप्रिय घटना हुन नदिन संवेदनशील र जोखिममा रहेका क्षेत्रहरूमा CRPF कर्मचारीहरू सहित केन्द्रीय रिजर्भ पुलिस बल (CRPF) का ३०० कम्पनीहरू तैनाथ गरिएको छ।हवाई टोली, निगरानी टोली र स्थायी निगरानी एकाइहरू सक्रिय रूपमा तैनाथ गरिएका छन्।

**निर्वाचन आयोग - मल्लिकार्जुन**

प्रधानमन्त्री नरेन्द्र मोदी विरुद्ध अपमानजनक टिप्पणी गरेर आचारसंहिता उल्लङ्घन गरेको आरोपमा निर्वाचन आयोगले कांग्रेस अध्यक्ष मल्लिकार्जुन खडगेलाई सूचना जारी गरेको छ। श्री खडगेले तमिलनाडुको चेन्नईमा पत्रकार सम्मेलनमा यी टिप्पणीहरू गर्नु भएको हो। आयोगले २४ घण्टा भित्र श्री खडगेसँग जवाफ मागेको छ। वरिष्ठ भाजपा नेता तथा केन्द्रीय मन्त्री किरेन रिजिजु र अन्य पार्टी अधिकारीहरूबाट गुनासो प्राप्त भएपछि यो सूचना जारी गरिएको हो।

**दिल्ली पीयूसी**

प्रदूषण नियन्त्रण (पीयूसी) प्रमाणपत्र नभएका वाहनहरुले दिल्लीको पेट्रोल पम्पमा पेट्रोल, डिजेल, सीएनजी र एलपी ग्यास पाउने छैनन्। दिल्ली सरकारले राष्ट्रिय राजधानीमा वाहनहरुको प्रदूषणको प्रभावकारी नियन्त्रण सुनिश्चित गर्न यो निर्णय लिएको हो। नयाँ निर्देशिका अनुसार पीयुसी प्रमाणपत्र भएका सवारी साधनलाई मात्र इन्धन आपूर्ति गरिनेछ। कार्यान्वयनमा शून्य सहनशीलता सुनिश्चित गर्न सम्बन्धित सबै निकायको स्पष्ट जवाफदेहिता तोकिएको सरकारले जनाएको छ। आदेशको अक्षरशत्र पालना गर्दै पेट्रोल पम्प र ग्यास पसलहरुलाई निर्देशन दिइएको छ। सरकारले कुनै पनि प्रकारको लापरवाही वा लापरबाहीलाई कडा कारबाही गर्ने चेतावनी दिएको छ।

**बद्रीनाथ धाम**

उत्तराखण्डको चमोली जिल्लामा स्थित बद्रीनाथ धामको कपाट आज देखि श्रद्धालुहरूको लागि खोलिएको छ। जिल्ला प्रशासनले श्रद्धालुहरूको सुरक्षित तीर्थाटनको लागि व्यापक व्यवस्था गरेको छ।

केदारनाथ धामको कपाट हिज देखि श्रद्धालुहरुको लागि खोलिएको थियो, जबकि गंगोत्री अनि यमुनोत्री धामको तीर्थयात्रा सुचारू रूपले चलिरहेको छ।

**युद्धकालीन उड़ान कटौती**

लुफ्थान्सा एयरलाइन्स र अन्य युरोपेली एयरलाइन्सको स्वामित्व रहेको जर्मन कम्पनीले तेलको बढ्दो मूल्य र इरान युद्धका कारण केही देशमा जेट इन्धन अभावको बढ्दो चिन्ताका कारण अक्टोबर सम्ममा 20 हजार छोटो दूरीका उडानहरू रद्द गर्ने बताएको छ।

लुफ्थान्सा समूहले भनेको छ कि कम नाफा मुखी मार्गहरूमा उडानहरू रद्द गर्दा मुख्य रूपमा जर्मनीको फ्रान्कफर्ट र म्युनिख शहरहरूमा अवस्थित प्रमुख प्रमुख हवाई अड्डा केन्द्रित उडानहरू लगभग 40 हजार मेट्रिक टन जेट ईन्धनको बचत हुनेछ। कम्पनीले गत हप्ता लागत कटौती गर्न आफ्नो क्षेत्रीय सहायक कम्पनीहरू मध्ये एक, सिटीलाइन बन्द गरेको थियो।

फेब्रुअरीको अन्त्यमा अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरेपछि केही बजारहरूमा जेट इन्धनको मूल्य दोब्बरभन्दा बढीले बढेको छ। जेट ईन्धनको साथ सामान्यतया सबैभन्दा ठूलो अपरेटिङ खर्च मध्ये एक, एयरलाइन्सहरू विशेष गरी ईन्धनको मूल्यमा अचानक उतारचढावको लागि संवेदनशील हुदछ।

**पश्चिम एसिया अपडेट**

हालैका घण्टाहरूमा हर्मुज जलडमरूममा तनावपूर्ण गतिरोध बढेको छ। इरानको नौसेना नाकाबन्दी तीव्र भएको छ, र वरिपरिका क्षेत्रमा नयाँ घटनाहरू रिपोर्ट गरिएका छन्। इरानको इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्सले घोषणा गरेको समुद्री नो-गो क्षेत्रमा "सुव्यवस्था र सुरक्षामा बाधा पुऱ्याएको" आरोपमा दुई कार्गो जहाजहरू कब्जा गरेको बताएको छ। समुद्री अनुगमन एजेन्सीहरूले पनि रिपोर्ट गरेका छन् कि ओमानको तटमा तेस्रो जहाजमाथि गोली चलाइएको छ, जसले यसको पुललाई उल्लेखनीय रूपमा क्षति पुऱ्याएको छ।

वाशिंगटनमा, ह्वाइट हाउसले इरानसँगको दुई हप्ताको युद्धविराम सम्झौताको मियाद सकिए पनि आफ्नो हालको नौसेना मुद्रा कायम राख्ने संकेत गरेको छ।

**लेबनान - पत्रकार**

दक्षिणी लेबनानमा भएको इस्राएल हवाई हमलामा मारिएका लेबनानी पत्रकारको शव हमलाको केहि समय पछि बरामद गरिएको छ। दैनिक अल-अख़बारले पुष्टि गरेको छ कि दक्षिणी गांव अल-तिरीमा भएको हमलामा पत्रकार अमल खलील मारिएका थिए। सूचना मंत्री पॉल मोरकोसले पनि खलीलको मृत्युको पुष्टि गर्नु भएको छ।

खलीलले अक्टूबर 2023 मा शुरू भएको इस्राएल-हिजबुल्लाह युद्धको रिपोर्टिङ गरिरहेका थिए।

**आईपीएल-क्रिकेट**

आई.पी.एल. क्रिकेटमा राजस्थान रोयल्सले लखनऊ सुपर जायन्ट्सलाई 40 रनले पराजित गरेको छ। 160 रनको लक्ष्य पछ्याएको लखनउ सुपर जायन्ट्सले 18 ओभरमा सबै विकेट गुमाएर 119 रन मात्र बनाउन सक्यो। लखनउ सुपर जायन्ट्सले टस जितेर पहिले बलिङ रोजेको छ।

पहिलो ब्याटिंग गर्दै राजस्थान रोयल्सले निर्धारित 20 ओभरमा 6 विकेट गुमाएर एक सय 59 रन बनाएको थियो। कमजोर ब्याटिङका रहेतापनि राजस्थान रोयल्सले 7 खेलबाट 10 अंकको साथमा दोस्रो स्थानमा रहेको छ। लगातार चौथो पटक हारको सामना पछि लखनउ सुपर जायन्ट्स नवौं स्थानमा पुगेको छ। खेलको प्लेयर अफ दि म्याच रवीन्द्र जडेजा घोषित भए।

आज साँझ साढे सात बजे मुम्बई इन्डियन्स र चेन्नई सुपर किंग्सबीच प्रतिस्पर्धा हुँनेछ ।

***************